म.जि. प्र. का. द.नं. : १०६/०६८,  वर्ष १२,  अंक २०  शुक्रबार ०३ भदौ २०७९  ने. सं. ११४२ गुँलागा  19 August, 2022  www.sajhakuranews.com  पृष्ठ संख्या ४  मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**घर तथा फ्ल्याट भाडामा**

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौंडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौंडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्छ सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं. ९८५११३२८७४**
**९८४५०२८४३१**

# अध्यादेशबाट काम चलाउँदै प्रदेश सरकार

साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/ प्रदेशसभाको वर्षे अधिवेशन अन्त्य गरेको बागमती प्रदेश सरकारले अध्यादेशबाट काम चलाउन थालेको छ । प्रदेशसभाको वर्षे अधिवेशन अन्त्य गरेको प्रदेश सरकारले संसद छलेर अध्यादेशमार्फत काम गर्न थालेको हो ।

वर्षे अधिवेशन स्थगित गरेको दुई सातामा नै प्रदेशले पुन: दुईवटा अध्यादेश जारी गरिसकेको छ । फागुन महिनामा जारी गरेका पाँचमध्ये चारवटा अध्यादेश वर्षे अधिवेशनमा प्रतिस्थापन विधेयकमार्फत पास गर्न प्रदेश सरकार असफल भएको थियो । संसद्बाट पास गर्न नसकेर फर्किएको अध्यादेशलाई प्रदेश सरकारले संघीय र प्रादेशिक निर्वाचनको मिति घोषणा भइसकेको अवस्थामा फेरि उही अध्यादेश जारी गरेको हो । यसअघि संसद्बाट अस्वीकृत ४ अध्यादेश फिर्ता लिँदै दुईवटा पुरानै अध्यादेश पुन: जारी गरिएको छ ।

कानुनत: अध्यादेश संसद् बैठक सुरु भएको ६० दिनभित्र प्रतिस्थापन विधेयक जारी गरी पारित गर्नुपर्ने हुन्छ । सदनमा स्पष्ट बहुमत रहे पनि सरकारले संविधानसँग बाँझिने गरी ल्याएका कारण अघिल्ला ४ अध्यादेश फेल भएका थिए । प्रदेश सरकारले प्रदेशसभाको वर्षे अधिवेशन अन्त्य गरेसँगै ५ अध्यादेश जारी गरेकोमा ४ वटा निष्क्रिय भएका थिए । प्रदेश



निजामती सेवासम्बन्धी अध्यादेशलाई प्रतिस्थापन गर्न ल्याइएको विधेयक समितिमा पठाइएकोमा मन्त्री र समिति सदस्यबीच विवाद भएपछि छलफल नै रोकिएको थियो । स्थानीय तहको सेवासम्बन्धी अध्यादेशलाई प्रतिस्थापन गर्न ल्याइएको विधेयक पनि समितिमा पुगेको थियो ।

**बागमती प्रदेशको कर्मचारीको हदम्याद ६० वर्ष**

बागमती प्रदेशको निजामती कर्मचारीहरुको हदम्याद ६० वर्ष पुगेको छ । प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश जारी गर्दै प्रदेश सरकारले प्रदेशको निजामती कर्मचारीहरुको हदम्याद ६० वर्ष पुर्‍याएको हो । निजामती कर्मचारीहरुको हदम्याद ५८ वर्ष कायम रहदै आएकोमा सरकारले २ वर्ष बढाएर ६० वर्ष पुर्‍याएको छ । सरकारले सिफारिस गरेको उक्त अध्यादेशलाई बुधबार प्रदेश प्रमुख यादवचन्द्र शर्माले जारी गरेसँगै प्रदेशको निजामती कर्मचारीहरुको अवकाशको उमेर हद ६० वर्ष कायम भएको छ ।

प्रदेश मन्त्रिपरिषद्को साउन २४ गते बसेको बैठकले प्रदेश र स्थानीय तहको सेवा गठन र सञ्चालनसम्बन्धी अध्यादेश ल्याउने निर्णय गर्दै साउन २६ मा प्रमाणीकरणका लागि प्रदेश प्रमुखसमक्ष पठाएको थियो । प्रदेश सरकारले फागुन महिनामा अध्यादेशमार्फत निजामती र स्थानीय तहको सेवासम्बन्धी अध्यादेश जारी गरे पनि सदनबाट पास गर्न असफल भएको थियो । संघीयता कार्यान्वनयमा निजामती र स्थानीय तहको सेवासम्बन्धी कानुनलाई महत्त्वपूर्ण मानिएको छ । संघमा निजामती ऐन जारी नभइसकेको अवस्थामा प्रदेशले 'ओभरटेक' गर्दा गलत सन्देश जाने बताइन्छ । सरकार भने आवश्यकताअनुसार संशोधन गर्दै अगाडि बढ्ने पक्षमा देखिन्छ ।

सदनमा स्पष्ट बहुमत रहे पनि सरकारले संविधानसँग बाँझिने गरी अध्यादेश ल्याएका कारणले गर्दा अघिल्लो पटक दुईवटा अध्यादेश फेल हुन पुगेका थिए । अध्यादेशअनुसार प्रदेशमा इन्जिनियरिङ, कृषि, न्याय, प्रशासन, वन, शिक्षा र स्वास्थ्य सेवा गरी ६ वटा सेवा रहने व्यवस्था गरेको प्रदेश प्रमुख कार्यालयका कानुन अधिकृत प्रकाश चापागाईंले जनाए ।

उनका अनुसार निजामती कर्मचारीको अवकाशको उमेर हद ६० वर्ष कायम हुने र निजामती सेवामा खुला प्रतिस्पर्धाबाट पूर्ति हुनेमध्ये ४५ प्रतिशत पद समावेशीतर्फ कायम हुने छ । उक्त ४५ प्रतिशतलाई सय प्रतिशत मानेर महिलालाई ३९, आदिवासी जनजातिलाई ३७, दलितलाई ८, मधेसीलाई ७, अपांगलाई ५ र पिछडिएको क्षेत्रलाई ४ प्रतिशत छुट्याई पदपूर्ति हुने व्यवस्था अध्यादेशले गरेको छ । संघीय निजामती सेवा, जुनसुकै प्रदेश र स्थानीय सेवाका स्थायी कर्मचारी प्रदेश लोकसेवा आयोगको पदपूर्ति प्रक्रियाद्वारा बागमती प्रदेशको कुनै निकायमा नियुक्ति वा पदस्थापना भई साबिक निकायबाट रमाना लिई आएमा सेवा अवधि जोडिने व्यवस्थासमेत अध्यादेशले गरेको छ । समावेशीतामा आधारित निर्धारित पदहरूमा प्रत्यक्ष मताधिकारको आधारमा निर्वाचित हुने गरी कर्मचारीको आधिकारिक ट्रेड युनियनको व्यवस्था अध्यादेशले गरेको छ ।

यसैबीचमा बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्ण शर्मा खनालले प्रदेशमा आवश्यक कर्मचारी परिपूर्ति गर्नका लागि अध्यादेशमार्फत निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्तहरू सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश जारी गरिएको बताएका छन् । बिहीबार मन्त्रालयमा पत्रकार सम्मेलन गर्दै मन्त्री खनालले पर्याप्त जनशक्तिको अभाव, समयमा संघीय कानुन निर्माण नगर्दा प्रदेशले समस्या झेल्नु परेको बताएका हुन् ।

उनले प्रादेशिक संरचनाको विषयमा टिकाटिप्पणी गर्ने समय भइनसकेको बताए । मन्त्री खनालले प्रादेशिक संरचना खारेजीको विषयमा केही आवाज उठे पनि तत्काल टिकाटिप्पणी गर्नु गलत हुने दाबी गरेका छन् ।

'संघीयताको मेरुदण्डको रुपमा रहेको प्रादेशिक संरचनालाई सिर्जनात्मक रुपमा अगाडि बढाउन कानुनहरू परिमार्जन गर्दै लैजानुपर्ने हुन्छ । त्यो काम हामीले गरिरहेका छौं,' उनले भने । उनले पर्याप्त जनशक्तिको अभाव, समयमा संघीय कानुन निर्माण नगर्दा प्रदेशले समस्या झेल्नु परेको बताए ।

# दुर्घटनामा घाइतेको उपचारमा नेता बानियाँको सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/ नेपाली कांग्रेस बागमती प्रदेशका सभापति एवं कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता ईन्द्रबहादुर बानियाँले एक विरामीलाई उपचार खर्च सहयोग उपलब्ध गराएका छन् ।

नेता बानियाँले बिहीबार उपचारमा सहज होस् भन्ने उद्देश्यले गत असारमा मोटरसाईकल दुर्घटनामा घाईते भएका थाहा नगरपालिका-४ निवासी रामकुमार लामालाई २५ हजार रूपैयाँ रकम उपचार खर्चबापत सहयोग गरेका हुन् ।

नेता बानियाँका स्वकीय सचिव मिलन पुडासैनीले मकवानपुर सहकारी अस्पताल हेटौंडामा उपचाररत पीडित लामालाई नेता बानियाँबाट उपलब्ध गराइएको रकम हस्तान्तरण



गरेका थिए । दुर्घटनामा परेका लामाको उपचार गर्दा करिव साँढे ५ लाख रुपियाँभन्दा बढी रकम सकिसकेको र हाल केही सुधार भई डिस्चार्जको प्रक्रियामा रहेको घाइते लामाले बताए ।

# विद्यालयलाई खाद्यान्न र स्टेशनरी सामग्री वितरण

साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/ श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल (प्रास) ले संस्कृत वेद विद्यालयका विद्यार्थीलाई खाद्यान्न र स्टेशनरी सामग्री वितरण गरेको छ ।


परिषद्ले आज शुक्रबार परेको श्रीकृष्ण जन्मास्टमी-२०७९ को अवसरमा सप्ताहव्यापी कार्यक्रमको आयोजना गरेको छ । सोही अन्तर्गत बिहिबार चौंथो दिन करिव २० हजार रुपैयाँको खाद्यान्न र स्टेशनरी सामाग्री वितरण गरिएको हो । श्रीकृष्ण प्रणामी युवा परिषद् नेपालका अध्यक्ष आरके चौलागाईले ग्यास, चमाल, दाल, मसला, नुन, विस्कुट, चिउरा, दालमोट, कपी, कलमलगायत सामग्री वितरण गरिएको जानकारी दिए ।

साताव्यापी कार्यक्रम अन्तर्गत पहिलो दिन दुर्व्यसनविरुद्ध सचेतना, दोस्रो दिन वक्तृत्वकला प्रतियोगिता, तेस्रो दिन खुल्ला धार्मिक हाजिरी जवाफ प्रतियोगिता, चौंथो दिन खाद्यान्न तथा स्टेशनरी वितरण र समापनको दिन मट्का फुटाउने कार्यक्रम रहेको छ ।

संस्कृत वेद विद्यालयमा करिब ६० जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

परिषद्का अध्यक्ष चौलागाईको सभाध्यक्ष तथा श्रीकृष्ण प्रणामी सेवा समिति नेपालका केन्द्रीय सदस्य बद्रीप्रसाद चौलागाईको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो ।



साझाकुरा

## हाम्रो कुरा

# आत्मनिर्भर बन्न कृषिमा जोड

मुलुक अहिले धेरै कुरामा परनिर्भर बन्दै गएको छ । पछिल्ला वर्षहरुमे निर्यातको तुलनामा आयातको बृद्धिदर निकै उच्च भएका कारण व्यापार घाटा पनि चुलिँदै गइरहेको छ । बढ्दो व्यापार घाटाका कारण अर्थतन्त्रका धेरै सूचकहरु पनि नकारात्मक देखिएका छन् । आयातमुखी बजार भएका कारण विदेशी मुद्रा विनिमयका कारण मूल्य स्थिरता कायम गर्न सकिएको छैन । प्रेट्रोलियम पदार्थ, सवारी साधन, ठूला मेशिन उपकरणजस्ता स्वदेशमा उत्पादन नहुने वस्तु आयात गर्नु स्वभाविक भए पनि स्वदेशमै उत्पादन भइरहेका र उत्पादन सहजै वृद्धि गर्न सकिने वस्तुहरुको समेत आयात उच्च हुँदै जानुले राम्रो संकेत गरिरहेको छैन । खाद्यान्न, तरकारी, फलफूल, दूध, दहीजस्ता दैनिक उपभोग्य वस्तुहरुमा समेत मुलुक आत्मनिर्भर हुन नसक्नुलाई विडम्बना नै मान्नु पर्दछ ।

पछिल्लो समय नेपालीहरुमा उपभोक्तावादी संस्कृति बढ्दैछ । उत्पादन बढाउनेतिर पटक्कै ध्यान नदिने, तर उपभोग भने अत्यधिकरुपमा गर्ने परिवारको जस्तो हालत हुन्छ, देशको अवस्था पनि त्यही हुने हो । अहिले बहुसंख्यक नेपालीको आर्थिक जीवन वैदेशिक रोजगारीका क्रममा बाहिरिएका युवाहरुले पठाएको रेमिट्यान्सले धानेको छ । वैदेशिक रोजगारीका कारण गाउँमा युवाहरु छैनन् । कृषि तथा अन्य क्षेत्रको उत्पादकत्व वृद्धिका लागि अति आवश्यक उत्पादनमूलक जनशक्ति देश बाहिर जाँदा गाउँका खेतबारी बाँझो बनेका छन् । यिनै कारणहरुले हाम्रो परनिर्भरता बढ्दै गएको छ । देशमा उत्पादन गर्नेभन्दा उपभोगमात्रै गर्ने उपभोक्ताको संख्या अत्यधिक बढिरहेको छ । खनिज तथा अन्य औद्योगिक उत्पादन तत्काल वृद्धि गर्न नसके पनि कृषिजन्य वस्तुको उत्पादन वृद्धि गर्न समय पनि लाग्दैन र गाह्रो पनि हुँदैन । खाद्यान्न र तरकारीमा आत्मनिर्भर बन्नका लागि वर्ष दिन पनि कुर्नुपर्दैन । फलफूल, दूग्धपदार्थ, माछा, मासुमा आत्मनिर्भर हुन बढीमा दुई तीन वर्ष लाग्ने हो । यसका लागि सरकारले थुप्रै नीति तथा कार्यक्रम लागू गरे पनि त्यसको प्रतिफल पाइएको छैन । विगतमा कृषि तथा पशुपालनका क्षेत्रमा सञ्चालित अधिकांश कार्यक्रम प्रभावहीन बनेको यथार्थ हामीमाझ छ । मुलुकमा उत्पादन बृद्धि गर्ने, आत्मनिर्भरता बढाउने ठोस र प्रभावकारी कार्यक्रम बन्न सकेको छैन । प्रदेश सरकारले गाई पालनलाई प्रवर्द्धन गर्दै दूग्ध उत्पादन वृद्धिको योजना सुरु गर्ने तयारी गरे पनि यसको प्रभावकारिता हेर्नै बाँकी छ ।

आर्थिक विकास र समृद्धिका कुरा धेरै उठेका छन् । जलस्रोत र पर्यटनको चर्चा धेरै भएको छ । तर कम लगानीमा तत्काल गर्न सकिने कृषि उत्पादनमा नागरिकहरुलाई उत्साहका साथ लाग्ने वातावरण राज्यले बनाउन सकिरहेको छैन । आर्थिक विकास र समृद्धिको यात्रा प्रारम्भ गर्ने हो भने तीनै तहका सरकारले स्पष्ट र प्रभावकारी योजना बनाएर अगाडि बढ्न सक्नुपर्छ । सबै क्षेत्रको परनिर्भरता तुरुन्तै अन्त्य गर्न सम्भव नभए पनि कृषिजन्य वस्तुको आयात कम गरी आत्मनिर्भर बन्न अवश्य सम्भव हुन्छ । यसले स्वाधिन र सबल राष्ट्र निर्माणमा पनि टेवा पुग्ने निश्चित छ । कृषि उत्पादन बढाउँदै क्रमश: औद्योगिकीकरणको दिशामा अगाडि बढ्ने र जलस्रोत, पर्यटन, वनलगायत अन्य आर्थिक क्षेत्रलाई पनि सँगै अगाडि बढाउन सकियो भने हाम्रो समृद्धिको यात्रा दिगो र प्रभावकारी बन्नेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ भदौ ०४ गते शनिबार २० अगष्ट २०२२ । भाद्र कृष्णपक्ष नवमी । गुँलागा ११४२ । सूर्योदय: ५:३७, सूर्यास्त: ६:३६ मा हुनेछ । गुँगा नवमी ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : अधुरा काम पूरा हुने | **तुला** | : अनावश्यक खर्च बढ्ने |
| **वृष** | : घरेलु समस्याले सताउने | **वृश्चिक** | : भोजको अवसर मिल्ने |
| **मिथुन** | : कुरा काट्नेहरु सक्रिय हुने | **धनु** | : स्वास्थ्य बिग्रन सक्ने |
| **कर्कट** | : नयाँ काम हात पर्ने | **मकर** | : रमाइलोगरि समय बित्ने |
| **सिंह** | : कार्यान्तरण हुन सक्ने | **कुम्भ** | : राजनीतिमा प्रगति हुने |
| **कन्या** | : शुभ समाचार सुन्न पाइने | **मीन** | : शारीरिक परिश्रम गर्नुपर्ने |

# पश्चिमा ऋण-पासोमा परेर ढल्यो श्रीलंका

## श्रीलंका सुरुवात मात्रै हो, थुप्रै मुलुक त्यही बाटोमा छन्



इन्द्रजित समरजिवा

एक श्रीलंकालीका रुपमा आफ्नो देशको आर्थिक र राजनीतिक पतनको अन्तर्राष्ट्रिय समाचार हेर्दा मलाई आफ्नै अन्तिम संस्कारमा सहभागी भएजस्तो अनुभूति हुन्छ । जहाँ सबैजना मेरो मृत्युको कारण अन्दाज लगाइरहेका छन् । पश्चिमा सञ्चारमाध्यम चीनले हामीलाई ऋणको पासोमा पारेको आरोप लगाउँछ । फक्स न्युजका टकर कार्लसन वातावरणीय, सामाजिक र कर्पोरेट कार्यक्रमले हामीलाई मारेको बताउँछन् । सबैजना राजापाक्षेहरुमाथि दोष थोपर्छन् । शासन चलाइरहेको त्यो भ्रष्ट राजनीतिक वंशलाई गत महिना क्रुद्ध श्रीलंकालीहरुले विशाल प्रदर्शन गरेर गत महिना लखेटेका थिए ।

तर, म जहाँ उभिएको छु, त्यहाँबाट हेर्दा मुख्य दोष पश्चिमाहरुको वर्चश्व रहेको नवउदारवादी व्यवस्थामा देख्छु । जसले मुलुकहरुलाई ऋणको भरमा चल्ने उपनिवेशमा बदल्दै छ । यो व्यवस्था नै संकटमा छ । यसको कमजोर जगलाई युक्रेन युद्ध र त्यसबाट सिर्जित खाद्यान्न तथा इन्धन संकट र महामारीको प्रभावले उदांगो बनाइदिएको छ भने कंगाली र भोकमरी आउन लागेको छ । श्रीलंका पहिलो उदाहरण हो । हामी कुनै समय आर्थिक आशाको किरण थियौँ । शिक्षित जनसंख्याको साथमा दक्षिण एसियाको मध्य आय सबैभन्दा उच्च भएको मुलुक थियो श्रीलंका । तर त्यो एक भ्रम थियो । चार सय ५० वर्षको उपनिवेशवाद, ४० वर्षको नवउदारवाद र चार वर्षको हाम्रा राजनीतिकर्मीहरुको सम्पूर्ण असफलताले श्रीलंका र यहाँका जनतालाई कंगाल तुल्याएको छ ।

पूर्वराष्ट्रपति गोटाबाय राजापाक्षेले हाम्रो ऋणको समस्या गहिर्याए । तर, एकपछि अर्को सरकारको पालामा हाम्रो अर्थतन्त्र संरचनागत रुपमै खराब अवस्थामा थियो । हामी अत्यधिक आयात गर्छौं, निर्यात एकदम कम । त्यो घाटालाई हामी ऋणले पुर्छौं । यो नखप्ने अर्थतन्त्र कुनै न कुनै दिन ढल्ने नै थियो ।

तर, हामी विश्वका लागि चेतावनी मात्र हौं । समग्र विश्व नै यो असफल हुँदै गएको सो प्रणालीमा जोडिएको छ । त्यसैले यसले दिने पीडा सर्वव्यापी हुनेछ ।
गत केही महिनाको अनुभव म यहाँ बताउँछु ।

मसँग कार छ । जुन अहिले बेकार बनेको छ । लंकामा तेल छैन । त्यसैले मेरा केटाकेटीले कारभित्र खेल्न पाइन्छ भनेर सोधे । अहिले त्यो कारको उपयोग त्यत्ति नै हो । इन्धन पाउन धेरै दिनसम्म मनै टुट्नेगरी लाइनमा बस्नुपर्ने हुन्छ । जसले गर्दा मैले हार मानें । म बस वा साइकल चढेर बाहिर निस्किन्छु । अर्थतन्त्रका अधिकांश हिस्सा चल्नै छाडेको छ । अहिले इन्धनका लागि सीमा तोकिएको छ, त्यो पनि विवेकहीन तरिकाले । धनीमानीहरुले टन्न तेल खाने एसयूभीका लागि चाहिँदो इन्धन पाउँछन् । ट्याक्सीले पर्याप्त पाउँदैनन् ।

र, ट्र्याक्टर मालिकहरुले अलिकति पनि पाउँदैनन् । श्रीलंकाली रुपैयाँले मार्चयता आफ्नो लगभग आधा मूल्य गुमाइसकेको छ । बजारमा थुप्रै माल पाइँदैनन् । जसले कठिनाइको पहिलो संकेतमै आवश्यक कदम चाल्न हामीलाई सिकाएको छ । केही महिनाअघि जब बत्ती जान थाल्यो, मेरी पत्नी र मैले रिचार्ज गर्न मिल्ने महंगो पंखा किन्यौँ । केही दिनपछि नै ती पंखा बजारमा पाइन छाडे । जब इन्धन अभाव हुनथाल्यो, हामीले तुरुन्तै साइकल किन्यौँ । भोलिपल्टै साइकलको भाउ बढ्यो । चामल, तरकारी, माछा, कुखुराजस्ता अत्यावश्यक उपभोग्य सामग्रीको भाउ आकासिएको छ ।

थुप्रै श्रीलंकालीहरु दिनको एक छाक मात्र खाएर बाँच्दैछन् । केही भोकै छन् । हरेक साता बाँच्नका लागि भिखारी बन्न बाध्य मानिसहरुको नयाँ वर्ग मेरो दैलोमा देखा पर्छ । अनलाइन लेखकका रुपमा म डलरमा कमाउँछु । त्यसैले जब रुपैयाँको अवमूल्यन भयो तब मेरो आम्दानी बढ्न पुग्यो । बत्ती बालिराख्न हामी सोलार र ब्याट्री ब्याकअप किन्न सक्छौं । तर, अरु थुप्रै अन्धकारमा बाँचिरहेका छन् । कारखाना र कामधन्दा बन्द हुँदै गएकाले मानिसहरु काम गर्न पाइरहेका छैनन् । गर्मीका कारण केटाकेटी सुत्न सकिरहेका छैनन् । पहिलो ठूलो प्रदर्शन मार्चको यस्तै एक रातपछि सुरु भएको थियो । त्यतिबेला सिंगो देश सुत्न नसकेर क्रुद्ध भएको जस्तो लागेको थियो ।

गत महिना प्रदर्शनकारीहरु राष्ट्रपतिको निवास र प्रधानमन्त्रीको कार्यालयमा प्रवेश गरे । त्यसले आनन्द महसुस गरायो । अरु हजारौं श्रीलंकालीहरुको साथमा मैले पनि पहिलो पटक ती उपनिवेशकालीन किल्लाहरुभित्रको दृश्य नियाल्न पाएँ । त्यो सहज, सुरक्षित र सम्मानजनक थियो । जोडीहरु त्यहाँ डेट गए ।

अभिभावक बालबच्चा लिएर गए । मानिसहरुले राष्ट्रपतिको घरमा गीत गाइरहेको, एउटी आमा बच्चासँगै नाचिरहेको, स्नान तलाउमा पौडिरहेको मैले देखें । मैले बेलायती उपनिवेशकारीहरुको नामपट्टी सजिएको हलमा चारैतिर डुलेर हेरें, ती नाम जस्ताको तस्तै हाम्रा आफ्नै राष्ट्रपतिहरुको नाममा बदलिए ।

प्रधानमन्त्रीको कार्यालयमा कसैले पियानो बजायो । झण्डा बेरेर कमिज उतारेका एक व्यक्ति सोफामा सुते । चार जनाले क्यारम खेले । एउटा बच्चाले रमाउँदै आँगनमा ठेलागाडी चलाएको देखियो । एउटा सामुदायिक भान्साले भोकाहरुलाई खाना पस्कियो । पहिले सशस्त्र सुरक्षाकर्मीबाट घेरिएर सम्भ्रान्तहरुले 'क्यानापी' खाने ठाउँमा यो दृश्य देखिनु अत्यन्त सुन्दर थियो । आशा जागेको थियो ।

तर, एकछिनका लागि साँचो लोकतन्त्र जस्तो लागेको त्यो दृश्य लामो समय टिकेन । संसदले राजापाक्षेको ठाउँमा उनकै आसेपासे र निल विक्रमासिंगेलाई उभ्याउने काम मात्र गर्यो । ६ पटक प्रधानमन्त्री बनिसकेका भए पनि उनी २०२० को चुनावमा हारेका थिए । उनले प्रदर्शनकारीहरुविरुद्ध सेना परिचालन गरेका छन्, प्रदर्शनकारी र ट्रेड युनियन सदस्यलाई गिरफ्तार गरेका छन् । यी सबै कदम 'संवैधानिक' हुन्, जसले उदार लोकतान्त्रिक व्यवस्थाप्रतिको विश्वास नै भत्काउने काम गरेका छन् ।

श्रीलंका ऋण तिर्न नसकेर कठिनाइ बेहोरिरहेका अरु थुप्रै मुलुकहरुभैं एक उपनिवेशका रुपमा कायम छ । यसको प्रशासन अन्तर्राष्ट्रिय मुद्रा कोषको भरमा चलेको छ । हामी अझै पनि सस्तो श्रम र स्रोत निर्यात गर्छौं अनि महंगो तम्तयार सामान आयात गर्छौं । जुन उपनिवेशकालीन मोडल नै हो । स्थानीय सम्भ्रान्तहरुले मुलुकलाई विभाजित र विजित तुल्याएका छन् । जबकि वास्तविक आर्थिक नियन्त्रण भने विदेशीकहाँ छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले १६ पटक ऋण तिर्ने भाका सारिसकेको छ । यो काम हरेक पटक कडा सर्त राखेर भएको छ । यसले हामीलाई थप शोषण गर्न ऋणदाताहरुलाई सजिलो बनाइदिएको छ ।

पश्चिमाहरु शोषणकारी चिनियाँ ऋणमाथि दोष थोपर्छन् तर श्रीलंकाको वैदेशिक ऋणको १० देखि २० प्रतिशत मात्र चीनबाट लिइएको हो । ऋणको अधिक हिस्सा अमेरिकी र युरोपेली वित्तीय संस्था वा जापानजस्ता पश्चिमा सहयोगीको हातमा छ । मुख्यगरी हामी पश्चिमा ऋणको पासोमा परेर मरेका हौं । अन्य मुलुक पनि त्यस्तै जोखिम सामना गरिरहेका छन् । निम्न आय भएकामध्ये ६० प्रतिशत र मध्यम आय भएकामध्ये ३० प्रतिशत मुलुक ऋणको तनावमा छन् ।

पाकिस्तान, बंगलादेश, ट्युनिसिया, घाना, दक्षिण अफ्रिका, ब्राजिल, अर्जेन्टिना, सुडानलगायत संकटमा रहेका मुलुकहरुको सूची तीव्र गतिमा लम्बिँदै छ । विश्वको श्रमशक्तिको करिब ६० प्रतिशत हिस्साको वास्तविक आय महामारीअघिको तुलनामा कम भएको छ । र, सम्पन्न मुलुकहरुले खास सहयोग गरेका छैनन् ।

ठूला अर्थतन्त्र पनि समस्यामा छन् । युरोप उर्जा अनिश्चितताको सामना गरिरहेको छ । अमेरिकीहरु तेल भर्न सकिरहेका छैनन्, सायद अमेरिकामा मन्दी छाइसकेको छ । उसको रियल स्टेट क्षेत्र धराशायी हुने डर छ । बेलायतमा खाद्यान्नको चिन्ता बढेको छ ।

यो समस्या झन् खराब हुनेवाला छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले भर्खरै विश्वव्यापी मन्दीको सम्भावना बढ्दै गएको चेतावनी दिएको छ । एकपछि अर्को मुलुकको अर्थतन्त्र धराशायी हुँदै जाँदा पश्चिमा ऋण चुक्ता हुने छैन । र, गरिब मुलुक डलर प्रणालीबाट बाहिर धकेलिने छन् । जुन प्रणालीले पश्चिमा जीवनशैलीलाई थामेको छ । त्यसपछि त अमेरिकीहरु पनि पैसा छापेर संकटबाट बाहिरिन सक्ने छैनन् । यो प्रक्रिया सुरु भइसकेको छ । श्रीलंकाले भारतीय रुपैयाँमा ऋण तिर्न थालेको छ । भारतले रुबलमा रुसी तेल किनिरहेको छ । चीनले युआनमा साउदीको तेल किन्न सक्छ ।

हाम्रा नेताहरुलाई लखेट्ने श्रीलंकाली विद्रोहलाई 'अरागाले' नाम दिइएको छ । यसको अर्थ हो- संघर्ष । यो संघर्ष निकै लामो हुनेछ र यो विश्वभर फैलिँदैछ ।

*(न्युयोर्क टाइम्सबाट । इन्द्रजित समरजिवा श्रीलंकाली लेखक हुन्) - साभार: नेपालखबर*

# बजार मूल्यलाई कुनै शक्तिले जित्न सक्दैन



मुराहरि पराजुली

सबै अर्थमन्त्रीको बजेट र गभर्नरको मौद्रिक नीतिमा आउने साझा कुरामध्ये एउटा हो बजार मूल्य । बजेट होस् वा मौद्रिक नीति, दुवैमा बजार मूल्यलाई 'वाञ्छित सीमा' भित्र राख्ने गफ दिइएको हुन्छ । के साँच्चिकै अर्थमन्त्री, गभर्नर वा अरू कुनै शक्तिशाली मान्छेले बजार मूल्य बाँध्न सक्छ ? चाहेको वा तोकिएको सीमाभित्र राख्न सक्छ ? आउनुहोस् यसअघि बजार मूल्यबारे छलफल गरौं । म कुनै चिज किन्न बजार जान्छु । मैले किन्न खोजेको त्यो चिजमा बिक्रेताले एउटा मूल्य टाँसेको हुन्छ । नटाँसेको भए ऊसँग मोलतोल हुन्छ । एउटा मूल्यमा सहमति भएपछि पैसा र वस्तु लेनदेन हुन्छ ।

यस्तो लेनदेनमा आफू फाइदामा छु भन्ने हामी दुवै जनालाई लाग्नुपर्छ, नत्र कारोबार हुँदैन । अर्थात् कारोबारबाट दुवै पक्षलाई आफूले जितेको अनुभूति हुनुपर्छ । मानौं, म कुनै मोबाइल किन्न लागिरहेको छु । पसलमा त्यसको मूल्य ५० हजार रूपैयाँ तोकिएको छ । पसलेको परल मूल्य ३० हजार होला । उसलाई लागेको हुन्छ ५० हजारमा बेच्दा आफूलाई २० हजार फाइदा हुन्छ । अर्कोतिर मोबाइल प्रयोग गरेर मेरो उत्पादकत्वमा हुने वृद्धि, त्यसबाट फोटो खिच्दा, गीत सुन्दा, च्याट गर्दा, फिल्म हेर्दा वा अरू कुनै काम गर्दा पाइने आनन्दको मूल्यांकन कठिन काम हो । तर पनि मलाई त्यो मोबाइलबाट प्राप्त हुने लाभ लाख रूपैयाँभन्दा बढी हो भन्ने लाग्नु पर्छ ।

अर्थात् चिजहरूको ठिकठिक मूल्यांकन गर्ने हामी (उपभोक्ता) सँग कुनै वैज्ञानिक आधार हुँदैन । तैपनि केही केही न केही जुक्ति लगाइरहेका हुन्छौं । मलाई त्यो मोबाइलबाट प्राप्त हुने उपयोगिता कम्तीमा पनि लाख रूपैयाँभन्दा कम हुँदैन भन्ने लागेपछि मात्र म किन्न तयार हुन्छु । हाम्रा अधिकांश आर्थिक कारोबार पछाडिको मनोविज्ञान यस्तै हुन्छ । यो सामान्य बुद्धिको कुरा हो । यद्यपि कुनै पनि वस्तु तथा सेवाको मूल्य कसरी तय हुन्छ भन्ने विषय जान्न खोज्ने हो भने बजारमा मोटामोटा किताब पढ्न पाइन्छन् । गुगल गर्दा थुप्रै सामग्री फेला पर्छन् । युट्युबमा बडेबडे व्याख्यान हेर्न-सुन्न पाइन्छ ।

बजार मूल्य ठ्याक्कै किताबहरूमा लेखिनेजस्तो माग र आपूर्तिको आधारमा वस्तुगत रूपमा तय हुँदैन । बजार मूल्य मूलत: मनोगत हुन्छ । किताबमा लेखिएको जस्तो आदर्शतम पूर्ण प्रतिस्पर्धी बजार व्यवहारमा फेला पर्दैन । न किताबहरूमा भनिएजस्तो मान्छे 'विवेकशील आर्थिक मानव' हो । तर हाम्रा सरकारीतन्त्र, नीति, ऐन-कानुन, योजना बनाउँदा यो कुरालाई ध्यानमा राखिँदैन । आम उपभोक्ताले त हेक्का नगर्ने कुरै भएन । नीति निर्माता, प्रशासन र मिडियाले पनि गर्दैनन् । वित्त साहित्यमा धेरै किसिमका मूल्य हुन्छन्- लागत मूल्य, परल, खुद, स्थिर, चालु आदि ।
सम्पत्ति, वस्तु तथा सेवाका मूल्यलाई फरक नाम दिइएको छ- ज्याला, लगान, ब्याज आदि ।
यिनीहरूको भेद छुट्याउने, यिनीहरूको स्वभाव बुझ्ने कष्ट हामी गर्दैनौं ।
हामी सबै किसिमका मूल्यलाई एउटै डालोमा हाल्छौं र सरकारलाई नियन्त्रण गर्न भन्छौं । ज्याला बढाऊ भन्छौं, निक्षेपको ब्याज बढाऊ, कर्जाको घटाऊ । वस्तु तथा सेवाको भाउ घटाऊ । हामी यस्ता एकआपसमा बाझिने कुरा गर्छौं ।

नबुझेकाले यस्तो कुरा गर्नुलाई अन्यथा मानिएन । तर पढे-लेखेका बुझ्झकीले पनि त्यसै भन्छन् । त्यसो भन्ने पढे-लेखेकाहरू कि धूर्त हुन् कि नाम मात्रका डिग्रीधारी!
धूर्त किन ? किनकी उनीहरूलाई थाहा हुन्छ, बजार मूल्य नियन्त्रण गर्ने वा गर्न सकिने चिज होइन । थाहा हुँदाहुँदै उनीहरू 'मूल्य नियन्त्रण गर्छु' भनेर फूर्ति लगाउँछन्, आश्वासन दिन्छन् । चुनाव जित्छन्, शासन गर्छन् ।

***नाम मात्रका डिग्रीधारी किन ?***

अनुमानै गर्न नसकिने मानवीय व्यवहार, उसका अपेक्षा, भावना लगायत माग र आपूर्तिलाई प्रभाव पार्ने हजारौं कारण हुन सक्छन् । त्यसलाई उनीहरू खुट्याउन सक्दैनन्, सामान्यीकरण गरिदिन्छन् । अनि मूल्य नियन्त्रणका लागि 'रेडिमेड' उपाय सुझाउँछन् ।
उहिले सोभियत कालमा कम्युनिस्ट पार्टीको बैठकमा संसारभर समाजवाद निर्यात गर्ने तर न्युजिल्यान्डलाई छाड्ने कुरा भएको थियो रे! किन भन्दा, उत्पादित वस्तु तथा सेवाको मूल्य थाहा पाउन । यो एक हस्यौली हो । तर इतिहासमा हेर्दा शासकहरूले मूल्य दबाउने प्रयास गरेका छन् । ईशापूर्व १७६० मा बेबिलोनका राजा हम्मुराबीले त्यति बेला उपभोग गरिने लगभग सबैजसो चिजको मूल्य सूची ढुंगामा कुँदेर बजारको बीचमा गाडेका थिए रे! सँगसँगै त्यो मूल्यमा लतमाथि गर्नेलाई मृत्युदण्ड दिइने फर्मान पनि । अमेरिकी स्वतन्त्रता संग्रामका बेला स्वतन्त्रता पक्षधरले, फ्रान्सेली क्रान्तिका बेलामा क्रान्तिकारीहरूले पनि देश र जनताका खातिर बजार मूल्य नियन्त्रणको प्रयास गरेका थिए । सरकार प्रायोजित कृत्रिम मूल्यमा आर्थिक कारोबार गराउनमा हाम्रा छिमेकी भारत र चीन संसार प्रसिद्ध छन् । नेपालमै पनि जुद्ध समशेरले कालोबजारी गर्नेलाई 'पाँच जना साक्षी राखेर गिड्दिनु' भन्ने हुकुम दिएका थिए रे! सरसर्ती हेर्दा जुद्ध समशेरले ठिकै त गरेका हुन् नि भन्ने लाग्न सक्छ । तर आज ७० वर्षपछि पनि हामी कालोबजारीको समस्या झेलिरहेका छौं, किन होला ? मान्नुस् नमान्नुस्, आधुनिक अर्थतन्त्रमा सबभन्दा शक्तिशाली बजार मूल्य हो । बजार मूल्यसँगको खेलवाडले संकट ल्याउन सक्छ ।

मूल्य नियन्त्रणको प्रयास इतिहासको कुरा मात्रै होइन, वर्तमानको यथार्थ पनि हो । सरकारी निकाय मात्रै होइन निजी क्षेत्र, नागरिक समाज सबै मूल्य नियन्त्रणलाई समस्याको समाधान हो भन्ठान्छ । आदेश दिएपछि सबै ठिक ठाउँमा आइहाल्छ नि भन्ने सोचबाट ग्रस्त छौं हामी । डन्डा चलाएर सब ठिक पार्ने मुढेबलमा हामी विश्वास गर्छौं । कच्चा तेलको बजार मूल्यले उचालेर दक्षिण अमेरिकाकै धनी बनाएको भेनेजुयला अहिले कंगाल बनेको कुरालाई हामी अनदेखा गर्छौं । अझ नजिकैको छिमेकी मुलुक श्रीलंकाका शासकले भोलि बजार मूल्य के हुन्छ भन्ने विचारै नगरी अन्धाधुन्द गरेको लगानीले कस्तो दुष्परिणाम ल्यायो जान्न खोज्दैनौं ।
उसो भए के बजारलाई छाडा हुन दिने ? जसले जति सक्छ त्यति असुल्न दिने ?
धेरैले यस्तो प्रश्न गर्छन् ।
यसको उत्तर बजारलाई केले छाडा बनाउँछ, कसको आडमा बिक्रेताले मनपरी असुल गर्न सक्छ भन्नेमा हुन्छ ।
यस्तो प्रश्न किन आउँछ ?
किनकी हामी बजारलाई यान्त्रिक ठान्छौं । कसैले टपक्क टिपेर ल्याइदिएको जादुमयी संयन्त्र । सक्नेले नसक्नेलाई लुट्ने । बलिया, पहुँचवालाले निर्धा-निमुखालाई छक्याउने, झुक्याउने संयन्त्र । जसमा आपसी लाभको गुञ्जायस शून्य हुन्छ ।

हाम्रा लागि बजार हामी आफैंले बनाउने र नियमित रूपमा विकसित हुँदै जाने जैविक संयन्त्र होइन । बजार नियममा आधारित खेल होइन । यस्तो हुनुका पछाडि हाम्रा केही तीता अनुभव छन् । हाम्रोमा कालोबजारी नियन्त्रण ऐन छ जसले परल मूल्यभन्दा २० प्रतिशत नाफा खाए बेच्न पाइँदैन भन्छ । यो कानुन हस्यौली बन्न पुगेको छ । विधिको शासन मानेको ब्लाड पर्ने हामीहरू सबैलाई थाहा छ- यो कानुनको पालना भएको छैन । वस्तु र सेवाको बजार मूल्य निर्धारण गर्ने कानुनको यो हालत छ ।

अब श्रमको बजार मूल्य तय हुने परिपाटीको कुरा गरौं । श्रम ऐनमा सरकार, रोजगारदाता र श्रमिकका प्रतिनिधि सम्मिलित त्रिपक्षीय वार्ताबाट अदक्ष, अर्धदक्ष तथा दक्ष कामदारको न्यूनतम ज्याला तोक्ने व्यवस्था छ । यसरी तोकिएको ज्याला वस्तुगत हो कि होइन, यसको कार्यान्वयनको अवस्था के छ, हामी खास चासो राख्दैनौं । यो त्रिपक्षीय संयन्त्रले ज्याला तोक्छ । तर पढे-लेखेकै पेशेवर (उदाहरणका लागि निजी विद्यालयका शिक्षक, पत्रकार, डाक्टर, नर्स) न्यूनतम पारिश्रमिक पाएनौं, शोषण भयो भन्ने गुनासो गरिरहेका हुन्छन् ।
अब वित्तीय सम्पत्तिको बजार मूल्यको कुरा गरौं ।

यसमा केन्द्रीय बैंकको भूमिका महत्वपूर्ण हुन्छ भन्ने मान्यता राखिन्छ । उसले लचिलो कर्जा नीति लियो भने बजारमा पैसैपैसा हुन्छ र सम्पत्तिहरूको मूल्य बढ्छ । कसिलो नीति लियो भने घट्छ । राष्ट्र बैंक उदार भए घरजग्गा, सेयर, सवारी साधन सबैको मूल्य बढ्छ, नत्र घट्छ । केन्द्रीय बैंकका केही मान्छेहरूले सम्पत्तिको मूल्य कति पुर्‍याउने र कतिमा झार्ने भन्ने निर्क्यौल गर्ने यो तरिका ठिक हो ?
होइन!

यो नैतिक र वैधानिक तरिका होइन । त्यसैले आदेशबाट होइन, सम्पत्ति किनबेच गर्ने गरी केन्द्रीय बैंक बजारमा सहभागी भएर मूल्य व्यवस्थापन गर्ने अवधारणा आएको छ । यसमा पनि हाम्रो केन्द्रीय बैंक भने असफल छ । खुला बजार परिचालन, ब्याजदर करिडोरका कुरा गरिन्छ तर अभ्यासमा आउँदैन । खासमा ब्याजदर निर्धारण केन्द्रीय बैंकको निर्देशनबाट हुन्छ । ब्याजदर निर्धारणमा बैंक तथा वित्तीय संस्थाहरूले गर्ने मिलोमतोलाई केन्द्रीय बैंकले अनदेखा मात्रै गर्दैन, त्यसो गर्न प्रोत्साहित पनि गर्छ ।
वस्तु, सेवा, सम्पत्तिको बजार मूल्य तय गर्ने हाम्रो परिपाटीमा के कमजोरी छन् भन्ने यी केही उदाहरण हुन् ।

***उसो भए समाधान के ?***

खासमा समाधान समस्याभित्रै हुन्छन् । जसलाई हामीले समाधान भनेर ठोकुवा गर्दै सोहीबमोजिम काम गर्दै आएका छौं, त्यो काम नगर्ने । एक-दुई वटा उदाहरण हेरौं ।

***एकाधिकार***

एकाधिकारी शक्ति भएका उत्पादकले मूल्यलाई सजिलै आफ्नो पक्षमा बंग्याउन सक्छन् । हिजोका दिनमा यस्ता थुप्रै सरकारी संस्था नेपालमा थिए । अहिले पनि छन् । निजी क्षेत्रकै संस्थाहरूलाई पनि हाम्रो सरकार, नियामकले औपचारिक र अनौपचारिक रूपमा एकाधिकारी मूल्य कायम गर्न सक्ने बनाइदिएका छन् । महादेव बनेको सरकारले निजी क्षेत्रमा थुप्रै भष्मासुर जन्माइदिएको छ । पञ्चायतले लाइसेन्स राज सकिएको छैन ।

-बाँकी पृष्ठ ३ मा...

# रक्सीले मानिसलाई खाइरहेको हुन्छ, कसरी ?



नेपालका पत्र-पत्रिकामा रक्सीको बारेमा चर्चा र छलफल हुँदा 'लेखक, कलाकार, पत्रकार, नायक, कवि आदिले मजासँग रक्सी खाएपछि मात्र लेख्न सक्छन्' भन्ने भान पर्ने अन्तर्वार्ता छापिन्छ । रक्सीलाई मनमस्तिष्क तीव्र पार्ने वस्तु जस्तै देखाइन्छ । यसबाट पाठकलाई के भान पर्न जान्छ भने रक्सी खानु खासै नराम्रो होइन रहेछ ।

तर समयभन्दा अघि नै मृत्युको मुखमा गएका गायक नारायणगोपाल, कवि हरिभक्त कटुवाल आदिको रक्सी पिउने बानी र त्यसले जीवनमा परेको नराम्रो असर बारे प्राय: कोही बोल्न चाहँदैन । 'पोलिटिकल्ली इन करेक्ट' भइएला कि भनेर, त्यसमाथि पनि केही चिकित्सकहरूले दिनमा एक पेग रक्सी खानु त स्वास्थ्यको लागि फाइदै छ भनेपछि धेरै मानिसलाई अरू के चाहियो र ? यस्ता निहुँहरू पाएपछि युवा पिँढीमा हामीले रक्सी खाएर के नै पो नराम्रो हुन्छ र भन्ने मानसिकता निर्माण हुन्छ । तर वास्तवमा यसले कतिको जीवन, स्वास्थ्य, पैसा खराब गरिरहेको छ भनेर बुझ्न धेरै टाढा जानु पर्दैन ।

पाँच वर्षअघि भारतको एक सम्मेलनमा भाग लिन जाँदा एक, साँझको भोजमा एक डाक्टर बेहोश भए, उनलाई अस्पतालमा भर्ना गरियो । ४० वर्ष मात्र काटेका उनलाई कसरी मुटुको रोग लागेको होला भनेर छलफल गर्दागर्दै थाहा भयो उनी त अत्यधिक रक्सी पिएर बेहोश भएका रहेछन् । उनी नेपाल फर्केर अति रक्सी खाने बानी छुटाउन रक्सी छुटाउने केन्द्रमा बसे । १५ दिनपछि उनले त्यहीं आत्महत्या गरे ।

एक डाक्टरले यसरी आत्महत्या गरेपछि मैले विचार गरेकी थिएँ कि सायद डाक्टर साथीहरूले यस विषयमा सामूहिक छलफल गर्नुहुनेछ । तर कतै पनि केही छलफल भएन । उनका चिने-जानेका साथीहरूबाट पनि 'उनी डिप्रेसनबाट पीडित थिए कि ?' अथवा 'रक्सी खाने बानी छुटाउने केन्द्रमा बस्दा रक्सी खान नपाएर आत्महत्या गरेका हुन् कि ?' यसको बारेमा चर्चा-परिचर्चा भएन । मानसिक रोग विशेषज्ञ भन्छन्, 'मानिसहरू डिप्रेसन भएपछि पनि बढी रक्सी खान्छन् र समस्या झन् जेलिँदै जान्छ ।' यदि डिप्रेसन भएर मानिसहरूले त्यसरी धेरै रक्सी खाए भने त्यसको उपचार हुनुपर्छ । रक्सी छुटाउने केन्द्रमा सायद ती डाक्टरको उपचार चाहिं भएन केवल रक्सी मात्र टाढा राखियो र त्यो सहन नसकेर उनले आत्महत्या गरेको हुन सक्छ कि ? एक डाक्टर आफैं डिप्रेसनबाट पीडित भएका हुन् भने किन उपचार नगरेका होलान् भन्ने प्रश्न पनि उठ्छ । तर सायद रक्सी खाने बानीले उनको रोगलाई छोपिदिएको थियो कि ?

विराटनगरको घटना मलाई एक जना व्यक्तिले सुनाएका थिए । विवरण यस्तो छ- नेपालका एक प्रसिद्ध कवि आफ्नो रक्सी खाने बानीले गर्दा श्रोतालाई कविता सुनाउन मञ्चमा बसेका बेला निदाएका थिए । प्रसिद्ध कविको कविता सुन्न श्रोताहरू लालायित थिए । तर कवि अघिल्लो राति बेस्सरी रक्सी खाएर मातेर बान्ता गरी ढिलो सुतेका रहेछन् ।

बिहानपख जबर्जस्ती उठाएर उनलाई कवि गोष्ठीमा त ल्याइयो तर गोष्ठीमा बसेपछि अरू कविले कविता सुनाउँदा सुनाउँदै उनी सोफामा नै लमतन्न सुतेर घुर्न थाले । उनले कसरी कविता भन्नु ? उनलाई उठाएर पुन: होटलमा नै लैजानु पर्‍यो । उनी सुती नै रहे । ती कवि नेपालमा प्रसिद्ध छन् । मानिस पनि भलाद्मी नै छन् । रक्सी खाएपछि उनको कविपन नै हराउँदो रहेछ । भारतका प्रसिद्ध सिने कलाकार गुरुदत्त पनि असाध्य रक्सी पिउँथे । वहिदा रहमानसँग उनको प्रेम प्रसंग गाँसिन नसकेपछि उनले रक्सी पिउन थालेको कुरा हामी सानो छँदा सुन्थ्यौं । सिने पत्रिकामा पढ्थ्यौं पछि उनले पनि आत्महत्या गरे । सानो हुँदा त केही लाग्दैनथ्यो तर अहिले लाग्छ कतै उनी पनि डिप्रेसनको शिकार थिए कि ? वा रक्सी खाएर उनलाई डिप्रेसन भएको थियो कि ?

फिल्मी प्रेम प्रसंगमा सफल नभएपछि रक्सी खाएको देख्दा लाग्छ मानौं रक्सी पिउनु खासै नराम्रो कुरा होइन । कतै दु:ख परे पनि वा खुसी भए पनि रक्सी पिउने प्रचलन देखाउँदा यस्तो लाग्छ मानौं रक्सी नभए त जीवन नै चल्दैन ।

मानसिक रोग विशेषज्ञ नै रक्सीको बारेमा भन्छन् कि, 'सामान्य दैनिक जीवनमा रक्सी कुनै पनि दृष्टिले लाभदायक छैन, मात्र हानिकारक छ । कवि, कलाकार, राजनीतिज्ञलगायत सर्वसाधारणलाई रक्सीले असर पारेको छ र अझ कति व्यक्ति र परिवारलाई यसले बेहाल बनाएको छ । कतिलाई त रक्सीले यौनशक्ति बढाउँछ भन्ने भ्रम पनि हुन्छ । रक्सीले शारीरिक र मानसिक क्रियालाई दबाउँछ । संवेदनशील मानसिक क्रियाआत्ममूल्यांकन, सक्रियता र संयम पनि दबिन्छ र परिणामस्वरुप विवेकद्वारा नियन्त्रित बानीको सट्टा उत्तेजना, आक्रामक स्वभाव, उत्ताउलोपन माथि आउँछन् र रक्सी खाएर लागेको व्यक्तिले लाज, डर वा खतरा महसुस नगर्ने हुन्छन् ।' पुरुष वा महिला रक्सीको कुलतमा फसेपछि परिवार कसरी नष्ट हुन्छ भन्ने मैले धेरै देखेकी छु । रक्सी खाने मानिसले गर्दा पाएको दु:ख देखेर त्यो मानिस त छिटै मरिदिए पनि हुन्थ्यो भन्ने पनि परिवारका मानिसको चाहना हुन्छ ।

रक्सीले थाकेको बेला शरीरलाई आराम दिन्छ र थकान मेटाउँछ भन्ने भ्रम धेरैलाई छ । त्यसैले लामो दूरीका बसमा चालकले रक्सी नखाए त जीउ दुखिहाल्छ नि चलाउनै सकिँदैन भनेर रक्सी खाएर बस चलाउँदा दुर्घटना भएका कैयौं घटना छन् । मधुमेहबाट पीडित एक जना सरकारी कर्मचारी धेरै रक्सी खाएर एकचोटि बेहोश नै भएछन् । अस्पतालमा लगेर उनलाई उपचार गराउँदा अति नाजुक अवस्थामा पुगिसकेका थिए । अत्याधुनिक प्रविधि प्रयोग गरेर उनलाई बचाउने र भेन्टिलेटरमा राख्ने कि भनेर डाक्टरहरूले परिवारलाई सोध्दा जवाफ पाइयो- 'उनी बाँचेर हामीलाई खासै फाइदा छैन । उनलाई पनि आफ्नो जिन्दगीसँग मोह छैन, त्यसैले भेन्टिलेटरमा राखेर पैसा खर्च गर्नुको कुनै औचित्य छैन ।' भोलिपल्ट उनको मृत्यु भयो । परिवारका सदस्यले मृत्युपछिको सबै संस्कार गरे ।

रक्सी खाएर अति योग्य कलाकारहरूले सम्पूर्ण जीवन नष्ट पारेका घटना छताछुल्ल छन् । छारेरोग लागेको मानिसले रक्सी खाएर बेहोश भएर जीवन नै सिध्याएका घटना गाउँघरमा प्रशस्तै पाइन्छन् । केही समय मानिसले रक्सी खान्छ तर पछि रक्सीले मानिसलाई खान्छ । जीवन रक्सीलाई अर्पण गर्ने कि जिउने यो प्रत्येक व्यक्तिको हातमा छ ।

-साभार: अनलाइनखबर

# 'कृ'पछि फिल्ममा फर्किन अदितीले किन रोजिन् होम प्रोडक्सन ?



काठमाडौं/ अभिनेता अनमोल केसीसँग फिल्ममा जोडी बाँधेपछि अभिनेत्रीको करिअरले 'पिकअप' लिन्छ भनिन्छ । केही अभिनेत्रीको हकमा यो देखिएको पनि छ । तर, अनमोलसँग काम गरेर पनि खासै अगाडि बढ्न नसकेकी अभिनेत्रीमा पर्छिन्, अदिती बुढाथोकी । डेब्यू फिल्म 'कृ'पछि उनी चार वर्ष मुम्बईमा हराइन् । यो बीचमा केही फिल्मबाट अफर पुगे पनि उनले काम गर्ने मन देखाइनन् ।

नेपाली फिल्ममा आउनुभन्दा अगावैदेखि उनी मुम्बई बसेर मोडलिङ क्षेत्रमा संघर्ष गरिरहेकी थिइन् । 'कृ' ब्लकबस्टर भइदिएको भए उनले मुम्बई छाड्न सक्ने थिइन् । तर, डेब्यू फिल्म नचल्नु र अभिनयको पनि वाहवाही नभएपछि उनी फेरि मुम्बई फर्किइन् । लकडाउनको समयमा घरकै फिल्मबाट कमब्याक गर्ने निर्णय गर्दै उनले आमा-बुबा निर्माता रहेको फिल्म 'बाबरी'मा काम गरिन् ।

उनको कमब्याक फिल्म आगामी असोज १४ गतेबाट प्रदर्शनमा आउँदैछ । यसै साता ट्रेलर रिलिज कार्यक्रममा उनले कमब्याकका लागि घरकै फिल्म पर्खिनुको कारणबारे स्पष्ट पार्दै भनिन्, 'हामीले 'कृ'पछि नै अब प्रोडक्सन हाउसबाट फिल्म बनाउने भनेर सोचिसकेका थियौं । तर, कोरोना महामारीले गर्दा केही समय रोकियौं । 'कृ'पछि घरकै फिल्म गर्छु भनेर मैले तयारी गरेको थिएँ ।' होम प्रोडक्सनबाट फिल्म निर्माण गर्दा धेरै दबाब हुने अदितीको अनुभव छ । 'निर्माता भएपछि छायांकनको समयमा र त्यसपछि पनि स्ट्रेस हुने रहेछ,' उनले अगाडि भनिन्, 'मामु-बाबा यो क्षेत्रमा नयाँ हुनुहुन्छ । उहाँहरुलाई धेरै कुरा थाहा हुँदैन । त्यसैले मैले नै सहयोग गर्नुपर्‍यो ।' आफ्नो को-एक्टर धिरज मगर र धिरज नाडकरसँग काम गर्न एकदमै सहज भएको पनि अदितीको भनाइ छ ।

-साभार: फिल्मीखबर

# नवौं राष्ट्रिय खेलकुद: खेलस्थल चाँडै टुङ्गो लाग्ने




कास्की, २ भदौ (रासस)/ गण्डकी प्रदेशमा आगामी असोज २८ देखि कात्तिक ३ गतेसम्म सञ्चालन हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको तयारी सुरु भएको छ ।

प्रतियोगिता आयोजनाको मुख्य जिम्मेवारी रहेको राष्ट्रिय खेलकुद परिषद्(राखेप)बाट गठित विभिन्न समिति र प्रदेश खेलकुद परिषद् गण्डकीले प्रतियोगिताको तयारीका काम अघि बढाएका हुन् । खेलस्थल छनोट, खेलाडी छनोट तथा प्रशिक्षणको काम अहिले भइरहेको छ । राष्ट्रिय खेलकुदको तयारीका लागि राखेपबाट गठन गरिएको खेलस्थल व्यवस्थापन उपसमितिले प्रदेशका जिल्लामा खेलकुद पूर्वाधारको निरीक्षण तथा अवलोकन गरेको छ ।

प्रतियोगिताका अधिकांश खेल पोखरा र पोखरा रङ्गशालामा हुने भए पनि प्रदेशका ११ वटै जिल्लामा राष्ट्रिय खेलकुदको अपनत्वका लागि कम्तीमा एक खेल खेलाउने योजना राखेपको छ ।

खेलस्थल व्यवस्थापन उपसमिति संयोजक राजेश गुरुङले चार दशकपछि पोखरामा हुन लागेको प्रतियोगिताले प्रदेशवासी उत्साहित भएका बताए । खेल पूर्वाधार रहेका जिल्लामा आवास, अस्पताल, यातायात र सुरक्षालाई ध्यानमा राख्दै कुन जिल्लामा कुन खेल सञ्चालन गर्ने भन्ने निर्णय आगामी भदौ १५ भित्र टुङ्गो लाग्ने उनले बताए ।

"प्रदेशका अधिकांश जिल्लामा खेल पूर्वाधारको निरीक्षण गरेका छौं । खेल सञ्चालनका लागि आवश्यक सबै पक्षलाई हेरेर खेलस्थलको टुङ्गो लगाउने तयारीमा छौं", गुरुङले भने । खेलस्थल व्यवस्थापन उपसमितिले सरकारीबाहेक निजी संघ संस्थाबाट निर्मित खेल पूर्वाधारलाई समेत प्रतियोगिताका लागि उपयोग गर्ने योजना बनाएको छ । राष्ट्रिय खेलकुदमा ३६ र दुई प्रदर्शनी खेल गरी ३८ खेल सञ्चालन गर्ने निर्णय राखेपले गरिसकेको छ ।

राष्ट्रिय खेलकुदको अपनत्व सबै जिल्लामा गराउन कम्तीमा एक खेल सञ्चालनको योजनाअनुसार पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिले यसअघिनै राखेपमा खेल र खेलस्थल प्रस्ताव गरेको पठाएको थियो । यसको अन्तिम निर्णय राखेपले गर्नेछ ।

प्रस्तावित खेलस्थलमा पुरुष फुटबलसहित एथलेटिक्स, बक्सिङ, भारोत्तोलन, भलिबल, ब्याडमिन्टन, उसु, ह्याण्डबल, हक्की, स्क्वास र सुटिङका महिला तथा पुरुष स्पर्धाका खेल पोखरामा सञ्चालन हुनेछन् ।

यसैगरी जिमन्याष्टिक, लनटेनिस, सुटटेनिस, क्रिकेट, साइक्लिङ, आर्चरी, पौडी, गल्फ, शारीरिक सुगठन, प्याराग्लाइडिङ र ट्रायथोलनका महिला तथा पुरुषको खेल पनि पोखरामा प्रस्ताव गरिएको छ ।

महिला फुटबल स्याङ्जाको वालिङ, तेक्वान्दो (महिला-पुरुष) बागलुङ, कराँते (महिला-पुरुष) लमजुङ, टेवलटेनिस (महिला-पुरुष) मुस्ताङ, कबयी, कुस्ती र खोखो (महिला-पुरुष) नवलपुर तथा जुडो र सेपाकताक्रो (महिला-पुरुष) गोरखामा खेलाउने प्रस्ताव यसअघिनै पठाइएको पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले बताए ।

बास्केटबल (महिला-पुरुष) तनहुँ, बुद्धिचाल (महिला-पुरुष) मनाङ, आइटिएफ तेक्वान्दो (महिला-पुरुष) म्याग्दी, फुलकन्ट्याक्ट कराँते (महिला-पुरुष) स्याङ्जा र फेन्सिङ (महिला-पुरुष) पर्वतमा गर्न राखेपसमक्ष प्रस्ताव गरी पठाइएको उनले बताए । प्रदर्शनी खेल लोकदोहोरी पोखरामा गर्ने योजना छ ।

# बलात्कार आरोपी क्याम्पस प्रमुख कारागार चलान

बैतडी, २ भदौ (रासस)/ बलात्कारको आरोप लागेका पुर्चौंडी बहुमुखी क्याम्पसका प्रमुख राजेन्द्रसिंह नेगीलाई कारागार चलान गरिएको छ ।

जिल्ला अदालतले नेगीलाई पुर्पक्षका लागि कारागार चलान गर्न आदेश दिएको प्रहरी नायब उपरीक्षक प्रेमबहादुर शाहीले जानकारी दिए । कैलाली घर भई पुर्चौंडीमा ज्यालामजदुरी गर्दै आएकी एक महिलामाथि क्याम्पस प्रमुख नेगीले बलात्कार गरेको आरोप लागेको थियो । गत असार २० गते पानी माग्ने निहुँमा महिलामाथि नेगीले बलात्कार गरेको आरोप लागेको हो ।

आफूमाथि जबर्जस्ती करणी गरेको भन्दै महिलाले दिएको जाहेरीका आधारमा नेगीविरुद्ध इलाका प्रहरी कार्यालय पाटनमा जबर्जस्तीकरणी मुद्दा दर्ता गरिएको थियो । आरोप लागेपछि नेगी गत साउन पहिलो साता आफैं जिल्ला प्रहरी कार्यालय पुगेका थिए । आरोप लागेपछि क्याम्पस प्रमुख नेगीले यसअघि असार २७ गते पदबाटसमेत राजीनामा दिएका थिए ।

# श्रीकृष्ण जन्माष्टमीको तयारी हुँदै



ललितपुर, २ भदौ (रासस)/ श्रीकृष्ण जन्माष्टमीका उपलक्ष्यमा ऐतिहासिक पाटन दरवार स्थित कृष्ण मन्दिर परिसरमा भव्य तयारी गरिएको छ । भाद्र कृष्ण अष्टमीका दिन सो सो मन्दिरमा दर्शनार्थी भक्तजनको भुइचो लाग्ने गर्दछ ।

मंगल टोल सुधार संघका अध्यक्ष किरणमान प्रधानले दर्शनार्थी भक्तजनको सुबिधाका लागि तयारी भइरहेको जनाए । उनले भने, "आज मध्यरातिदेखि नै मेला भर्न भक्तजन कृष्ण मन्दिर आउने भएकाले आवश्यक तयारीमा जुटेका हौं ।" दर्शनार्थीलाई सुव्यवस्थित मेला भराइने उनले जानकारी गराए । महिला तथा पुरुष भक्तजनलाई छुट्टा छुट्टै लाइनमा राखिने कृष्ण मन्दिरका मूल पुजारी रुपनशर्मा राजोपाध्यायले बताए । ललितपुरका प्रमुख जिल्ला अधिकारी घनश्याम उपाध्यायले मन्दिर परिस क्षेत्रमा आवश्यक शान्ति सुरक्षाको व्यवस्था मिलाइएको जानकारी दिए ।

गत वर्ष केभिड महामारीका कारण सो मन्दिरमा मेला भर्न बन्द गरिएको थियो । पाटनमा उक्त मेलासँगै भीमसेन खटजात्रा, मच्छिन्द्रनाथ जात्रा एवं कार्तिक नाचसमेत मञ्चन गर्ने गरिन्छ । सो कृष्ण मन्दिर मुलुकमा शिखर शैलीमा ढुङ्गैढुङ्गाबाट निर्मित २१ गजुर भएको एक मात्रै धार्मिक तीर्थस्थल हो ।

# बजार मूल्यलाई.....

उत्पादन, वित्त, शिक्षा, स्वास्थ्य कुनै पनि पेसा, व्यवसायमा सजिलै प्रवेश गर्न सकिँदैन । नयाँ र पेशेवर उद्यमीका लागि अनेकौं सरकारी र गैरसरकारी वाधा छन् ।

बिजुली, रासायनिक मल, पेट्रोलियम पदार्थको कारोबार जोसुकैले गर्न पाउँदैन । अहिले तेलको भाउ बढ्यो भनेर आयल निगमअगाडि प्रदर्शन गर्नेहरू निजीकरणको विरोध गर्ने मोर्चाको पनि अग्रपंक्तिमा हुन्छन् ।

***अनुदान***

अनुदानले मूल्य प्रणालीलाई बिगार्छ भन्ने हामीलाई लाग्दैन । जुन नेताले धेरै अनुदान बाँड्न सक्यो, ऊ त्यति नै लोकप्रिय हुन्छ । रेडियो, टिभी, पत्रपत्रिकाबाट प्रचार गरीगरी अनुदान बाँडिन्छ । यसले मान्छेको मेहनत गर्ने उत्साह मार्छ । अनुदान भनेको काम गरेर खानेबाट खोसेर बसीबसी खानेसँग पुर्‍याउने अन्यायी प्रपञ्च हो भन्ने हामीलाई लाग्दैन ।

सरकारी बजेटमा हरेक वर्ष अनुदानको हिस्सा बढ्दो छ । जनता कुनै न कुनै किसिमको अनुदान हात पार्ने दाउमा छन् । यो गलत हो भन्ने ज्ञान हामीलाई त्यति बेला खुल्छ जति बेला यस्ता कार्यक्रम आफूलाई मननपरेको विरोधी दलले ल्याउँछ ।

अर्थतन्त्र प्रतिकूल दिशामा बढ्दा सरकारी दायित्व बढेर अनुदानले झन ठूलो संकट ल्याउँछ भन्ने हामीले हेक्का गरेका छैनौं । अर्थतन्त्र ओरालो लाग्दा अनुदानले त्यसको गतिलाई तीव्र बनाइदिएको ताजा उदाहरण भेनेजुयला र ग्रिस हुन् ।

***उत्पादनमा कोटा***

सरकारले निर्धारण गर्ने कोटा अर्को नीति हो जसले मूल्यलाई काम गर्न दिँदैन । चार वर्षअघि दसैंको मुखमा सरकारले चिनी आयातमा कोटा तोक्यो । विदेशबाट सस्तो चिनी भित्रियो, स्वदेशी चिनी बिक्री भएन । उद्योग धराशायी भए, किसान मरे भन्ने बहाना बनाइयो ।

काठमाडौंमा ६० रूपैयाँ किलोमा पाइने चिनीको भाउ ९० रूपैयाँ पुग्यो, अहिले ११० रूपैयाँ पुगेको छ । यो चार वर्षको बीचमा अन्तर्राष्ट्रिय बजारमा चिनीको मूल्य धेरैचोटि तलमाथि भइरह्यो । नेपाली उपभोक्ताले भने त्यसको अनुभव गर्न पाएनन् ।

उद्योग उकासिएको र किसान खुसी भएको समाचार पनि पढ्न पाइएको छैन । अब त अन्तर्राष्ट्रिय बजारमै मूल्य आकासियो, विदेशी चिनीलाई स्वत: छेकबार लाग्यो । हाम्रा उद्योगीले हामी उपभोक्तालाई अब सस्तोमा चिनी उपलब्ध गराउँछन् त ? स्वदेशी उत्पादनलाई माया गरौं भन्ने उद्योगीले स्वदेशी उपभोक्तालाई माया गर्छन् त ?

***मुद्रास्फिति***

बोलिचालीको भाषामा महँगी भनिने कुरालाई अर्थशास्त्रको औपचारिक भाषामा मुद्रास्फिति भनिन्छ ।

मुद्रास्फिति मूल्य प्रणालीलाई दबाउने अर्को चिज हो । यसलाई नियन्त्रण गर्न सरकार र राष्ट्र बैंक अनेकौं किताबी उपाय लगाउँछन् । तर त्यसले काम गर्दैन ।

मुद्रास्फितिसम्बन्धी हाम्रा धेरै अनुमान फेल खान्छन् । अधिकांश वस्तु आयात गरेर उपभोग गर्ने हामी अन्तर्राष्ट्रिय मूल्यका सामु निरीह छौं । तैपनि हाम्रा निकायहरू पछि हटेका छैनन् । हरेक वर्ष बजेट आउँछ, मौद्रिक नीति आउँछ र तिनमा बजार मूल्यलाई काबुमा राख्ने गफ दोहोर्‍याइन्छ । किताबमा लेखिनेजस्तो धेरै नोट छापेर, आपूर्ति शृंखला अवरूद्ध भएर वा उत्पादन कम भएर हाम्रोमा बजार मूल्यलाई त्यति धेरै असर गर्दैन जति बाहिर बाट ल्याइएका वस्तुको मूल्य बढ्दा हुन्छ । हामीले खाने-लाउने अन्तिम तयारी वस्तुदेखि उत्पादनका लागि प्रयोग गर्ने कच्चा पदार्थ तथा मध्यवर्ती वस्तुको मूल्य बढेर आउँदा यहाँ महँगी बढ्नु स्वाभाविकै हो । यो कुरा जान्न अर्थशास्त्रको प्रकाण्ड विद्वान हुनै पर्दैन । यस्तोमा हाम्रा सरकार वा राष्ट्र बैंकको मूल्यलाई वाञ्छित सीमाभित्र राख्छौं भन्ने गफ कसरी पत्याउने ?

***कालोबजारी***

असल नियत भएका, लोकको उपकार गर्न खोज्ने कथित बुद्धिजीवी पनि दैनिक उपभोगका वस्तुको बजार मूल्य हेरेर भ्रममा पर्छन । बजार भाउ बढ्नुमा कालोबजारी नै एक मात्र कारण हो भन्ने ठोकुवा गर्छन् । व्यापारीकै बदमासी हो भन्छन् । व्यापारीकै बदमासी हो भन्ने मान्दा पनि उसले त्यसो गर्न कसरी सक्यो, हेर्दैनन् । मूल्य हामीले नचाहेको उचाइमा पुग्ने अनेकौं कारणमध्ये एउटा कारण कालोबजारी हो ।

तर हामीले यसैलाई मुख्य मानेका छौं । यही बहानामा बजार अनुगमन (वस्तुको मात्रै होइन) का लागि नियामकहरूलाई शक्तिशाली बनाएका छौं । उनीहरू नियमनकारी शक्तिको दुरूपयोग गरिरहेका छन् । कालोबजारीकै सेवा गरिरहेका छन् । शक्तिहीन, निर्धाले कालोबजारी गर्नै सक्दैन । बढीभन्दा बढी मान्छेलाई पेसा-व्यवसायमा प्रवेश गर्न सहज बनाउने हो भने प्रहरी प्रशासनसँगको मिलेमतो असहज हुन्छ । उनीहरू बीचकै कार्टेलिङ, सिन्डिकेट सजिलो हुँदैन । छरिएका उपभोक्ता र संगठित बिक्रेताले कालोबजारीलाई सजिलो बनाउँछ । त्यसमाथि अवैध प्रशासनिक सहयोगले व्यापारी शक्तिशाली र उपभोक्ता निरीह हुन्छन् ।

***उपाय- बजारलाई अँगाल्ने***

हामीलाई चाहिएको नियमन होइन, बजार हो । कमजोर र अपूर्ण बजारको उपचार नियन्त्रण होइन । अझ बढी खुलापन हो । वस्तु तथा सेवाको खासै उत्पादन नगर्ने, अरूले भन्दा सस्तोमा उत्पादन गर्न नसक्ने हामीलाई त झन् सुखै छैन ।

बजार मूल्यले मान्छेलाई प्रोत्साहित गर्छ, नाफाको सम्भावना देखाउँछ । यसलाई दबाउने होइन, यससँग तालमेल गर्न नागरिकलाई सक्षम बनाउने हो । सकारात्मक (अनुदान, सहायता) वा नकारात्मक (लाइसेन्स, कर आदि) हस्तक्षेप गरेर बजार बिगार्ने होइन ।

मान्छेलाई मेहनत गरेर कमभन्दा कम लागतमा वस्तु तथा सेवा उत्पादन गर्न सक्ने, प्रतिस्पर्धी र समन्वयकारी वातावरण निर्माण गर्ने हो । यसका लागि बजार अनुकूल नीति त चाहिन्छ नै, आचरण पनि नभइ हुँदैन । अहिले बजार मूल्य बृद्धिको कारण कोरोना महामारी र रूस-युक्रेन युद्धलाई मानिएको छ । कोरोना, युद्धजस्ता अनपेक्षित घटना पहिले भएका थिए, पछि पनि हुने छन् । यस्ता घटनाले मूल्य-झट्का सिर्जना गर्छन् । मूल्य झट्कासँग जुध्न अर्थतन्त्र ठूलो हुनु पर्दैन, सबल हुनुपर्छ ।

अर्थतन्त्र उत्थानशील बनाउने र प्रत्येक व्यक्तिगत उपभोक्तालाई मूल्य उतार-चढावसँग समायोजन गर्न सक्ने बनाउनेतर्फ हाम्रो ध्यान केन्द्रित हुनुपर्छ । अल्पकालमा यी कुरा सम्भव छैनन् । दीर्घकालका लागि भने माथि चर्चा गरिएजस्तो अर्थतन्त्र र व्यक्तिगत उपभोक्तालाई कमजोर बनाउने तत्वलाई साम्य पार्नु पर्छ ।

*-साभार: सेतोपाटी*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# प्रादेशिक संरचना संघीयताको मेरुदण्ड: मन्त्री खनाल

साझाकुरा संवाददाता

हेटौंडा, २ भदौ/ बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्ण शर्मा खनालले मुलुकमा तीनै तहको सरकारको आवश्यकता रहेको बताएको छ । उनले तत्काल प्रादेशिक संरचना खारेजीको माग गर्न नहुने बताए ।



बिहीबार मन्त्रालयले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै उनले प्रादेशिक संरचना संघीयताको मेरुदण्डको रुपमा रहेको बताए । मन्त्री खनालले यस संरचनालाई सिर्जनात्मक रुपमा अगाडि बढाउन कानुनहरू परिमार्जन गर्दै लैजानुपर्ने भएकाले आफूहरु त्यसमै सक्रिय भइरहेको बताए ।

प्रदेश सरकारले जारी गरेको अध्यादेश तथा कानुन निर्माणको अवस्थाबारे जानकारी दिने उद्देश्यले पत्रकार सम्मेलन गरिएको बताउँदै मन्त्री खनालले प्रदेश सरकारबारे टिप्पणी, मूल्यांकन र आलोचना गर्ने समय भइनसकेको स्पष्ट पारे ।

प्रदेशमा विभिन्न मन्त्रालयका सचिव प्रदेशकै ११ औं तहका कर्मचारीलाई बनाउने गरी कानुन ल्याइएको र तत्काल कार्यान्वयन गर्ने मन्त्री खनालको भनाइ छ । प्रदेश सरकारले ल्याएको अध्यादेशमा ११ औं तहका कर्मचारी सचिव हुने उल्लेख रहेको उनले बताए । अब त्यसैअनुसार कार्यान्वयन गर्ने उनको भनाइ छ । सरकारले ल्याएको अध्यादेश अब बस्ने संसद्को पहिलो बैठकमा पेस गरिने मन्त्री खनालले जानए । प्रदेश सरकारले हालसम्म ५७ वटा ऐन बनाइसकेको छ । त्यसमा १४ वटा संशोधन भएको छ । हालसम्म सरकारले १० वटा अध्यादेश जारी गरेकामा चारवटा प्रदेशसभाबाट प्रतिस्थापन भइसकेको उनले जनाए ।

प्रदेश सरकारले हालसम्म संशोधनसहित एक सय ७३ वटा कानुन निर्माण गरेको उनको भनाइ छ ।

# सवारी दुर्घटना हुँदा एक जनाको मृत्यु

हेटौंडा, २ भदौ/ मकवानपुरको मनहरी गाउँपालिकामा सवारी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

मनहरी गाउँपालिका वडा नम्बर ९, खरङ्गामा बिहीबार हेटौंडाबाट नारायणगढतर्फ जाँदै गरेको बा ०३-००१ ख २४८१ नम्वरको बसले विपरित दिशाबाट आउँदै गरेको बा ०३-००५ प २६६३ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा मोटरसाइकल चालक नवलपरासीको बुलिङटार-१ बस्ने ३३ वर्षीय गोपाल सारु रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक (प्रवक्ता) टेकबहादुर कार्कीले जानकारी दिए ।

उनकाअनुसार, सारु दुर्घटनामा परेर गम्भीर घाइते भएका थिए । घाइते उनको हेटौंडा उपमहानगरपालिका वडा नम्वर ११ स्थित चुरेहिल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको थियो ।

# हराएको नागरिकता दुरुपयोग गर्ने तीन पक्राउ

काठमाडौँ, २ भदौ (रासस)/ नेपाल प्रहरीले हराएको नागरिकता दुरुपयोग गरी कम्पनी खोलेर ठगी गर्ने तीन जनालाई पक्राउ गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनको टोलीले कञ्चरपुरका नीरज पाण्डेको हराएको नागरिकता दुरुपयोग गरी कम्पनी खोलेर विभिन्न व्यक्तिलाई ठगी गर्ने तीन जनालाई काठमाडौँका विभिन्न स्थानबाट पक्राउ गरी आज सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा भक्तपुर मध्यपुर ठिमी नगरपालिका-९ का सुरेश भन्ने २८ वर्षीय प्रदीप कर्मचार्य, मुगु खत्याड गाउँपालिका-११ घर भई काठमाडौं बूढानीलकण्ठ नगरपालिका-२ बस्ने २४ वर्षीय विशाल कार्की र मुगु खत्याड गाउँपालिका-८ का २१ वर्षीय रामकृष्ण रावत रहेका छन् ।

कार्यालयका प्रवक्ता, प्रहरी उपरीक्षक कृष्णप्रसाद कोइरालाले पाण्डेको हराएको सक्कल नागरिकताको दुरुपयोग गरी विभिन्न कम्पनी खोलेर ठगी गरेकाले उनीहरुलाई पक्राउ गरिएको जानकारी दिए ।

पक्राउ व्यक्तिले विसं २०७८ मंसिर २८ गते ज्ञानेश्वरमा एभरेष्ट लिङ्क इन्टनेशनल एजुकेशन प्रालि नामको प्राइभेट कम्पनी दर्ता गरेको, सेञ्चुरी तथा कुमारी बैंकमा खाता खोलेको र वैदेशिक रोजगारीमा रसिया पठाइदिने प्रलोभनमा पारी पीडित व्यक्तिको नामबाटै ठगी गरेको प्रहरीले जनाएको छ ।

पक्राउ परेकामध्ये प्रदीप उक्त कम्पनीको प्रमुख कार्यकारी अधिकृत (सिईओ) बनेको, विशालले पीडितको नाममा बैंकमा खाता खोलेको र रामकृष्णले सहजकर्ताको भूमिका खेल्दै आएको अनुसन्धानमा खुलेको छ । पक्राउ परेका उनीहरुलाई ठगीसम्बन्धी कसूरमा आवश्यक अनुसन्धान एवं कारवाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौँ पठाइएको प्रवक्ता कोइरालाले बताए ।

# शून्य लागतमा मलेसियामा रोजगारी

काठमाडौं, २ भदौ/ वैदेशिक रोजगारीका लागि नेपाली युवा लाखौं खर्चन बाध्य रहेको अवस्थामा मलेसियामा रहेको एक कम्पनीले शून्य लागतमा नेपाली श्रमिक लैजाने गरी सम्झौता गरेको छ ।

मलेसियन कम्पनी माइटेक एण्ड एसेम्ब्ली एसडिएन बिएचडीले शून्य लागतमा नेपाली कामदार लैजानका लागि काठमाडौंस्थित ह्वाइट हर्स रिक्रुटमेन्ट प्रालिसँग सम्झौता गरेको हो ।

सम्झौतापत्रमा माइटेकका तर्फबाट मानव संशाधन निर्देशक माइकल ली र ह्वाइट हर्सका तर्फबाट प्रमुख राजन श्रेष्ठले हस्ताक्षर गरे । सम्झौताअनुसार माइटेक कम्पनीमा जाने नेपाली श्रमिकले उक्त मेनपावर कम्पनीमार्फत शून्य लागतमा मलेसिया जान पाउनेछन् । सो कम्पनीले पहिलो चरणमा एक हजार श्रमिक लैजाने घोषणा गरेको छ ।

दोस्रो चरणमा थप एक हजार श्रमिक लैजाने कम्पनीका निर्देशक माइकल लीले बताए । छनोट भएर मलेसिया जाने नेपाली श्रमिकको सम्पूर्ण खर्च कम्पनीले बेहोर्ने उनको भनाइ छ ।

श्रमिकको हवाई टिकट, राहदानी बनाउँदा लागेको खर्च, यातायात खर्च, काठमाडौंसम्मको होटल खर्च, स्वास्थ्य परीक्षण, वैदेशिक रोजगार बीमालगायत सबै शुल्क कम्पनीले व्यहोर्नेछ ।

सो कम्पनी 'रेस्पोन्सिबल विजनेस एलाइन्स' (आरबिए) मा आबद्ध छ । आरबिएले आप्रवासी श्रमिकले शून्य लागतमा रोजगारीमा जान पाउनुपर्ने अवस्थाको सुनिश्चितता गर्छ । कम्पनीका निर्देशक लिले आरबिए र अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ)को निर्देशिका अनुसार नै शून्य लागतमा नेपालबाट श्रमिक लैजाने बताए ।

नेपाली श्रमिकले न्यूनतम् एक हजार ५०० मलेसियन रिङ्गेट पारिश्रमिकका साथै अतिरिक्त भत्ता र वार्षिक बिदा पाउने उनले जानकारी दिए । नेपाली श्रमिकले मलेसियाका श्रम कानुन अनुसारका सुविधा प्राप्त गर्नेछन् ।

ह्वाइट हर्सका अध्यक्ष सागर गिरीले शून्य लागतमा कामदार पठाउने नमूना मेनपावर बनाउने लक्ष्यसहित कम्पनीले काम गरिरहेको बताए ।

आफ्नो मेनपावरमा कुनै पनि एजेन्ट नरहेको र आइएलओको न्यायोचित भर्नाको मान्यता अनुसार नै श्रमिक पठाइने बताए ।

# लागूऔषधसहित एकजना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २ भदौं/ मकवानपुर प्रहरीले लागूऔषधसहित एकजनालाई पक्राउ गरेको छ ।



प्रहरीले लागूऔषध खैरो हेरोईनसहित एकजनालाई पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुरको अनुसार पक्राउ पर्नेमा हेटौंडा-३ बस्ने राजेन्द्र कामी रहेका छन् प्रहरीले बुधबार साँझ साढे ६ बजेको समयमा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले हेटौंडा-१० न्यूरेनीबाट उनलाई पक्राउ गरेको जनाएको छ ।

शंकास्पद रुपमा हिडिरहेको अवस्थामा प्रहरीले सुरक्षा जाँच गर्ने क्रममा कामीले लगाएको पाईन्टको खल्तीमा सेतो प्लाष्टिकमा सानो पुरिया बनाई सिखर चुरोटको बट्टा भित्र लुकाई छिपाई राखेको अवस्थामा लागूऔषध खैरो हेरोईन ३ ग्राम ५ सय मिली ग्राम फेला परेको प्रहरीले जनाएको छ ।

# राक्सिराङको अस्पताललाई कोइकाद्वारा स्वास्थ्य सामाग्री हस्तान्तरण




साझाकुरा संवाददाता

हेटौंडा, २ भदौं/ कोइका ईनटरनेशनल कर्पोरेशन एजेन्सीले मकवानपुरको विकट राक्सिराङ गाउँपालिकाको अस्पतालमा स्वास्थ्य सामाग्री हस्तान्तरण गरेको छ । एजेन्सीले बिहिबार अस्पताललाई विभिन्न प्रकारको स्वास्थ्य सामाग्री हस्तान्तरण गरेको हो । कोइकाले १६ लाख पाँच हजार ७ सय ५० रुपैयाँ बराबरको स्वास्थ्य सामाग्री हस्तान्तरण गरेको अध्यक्ष विनोद विडारीले जानकारी दिएका छन् । अस्पताललाई प्रोटोकल अल्ट्रासाउण्ड, डेलिभरी किट, बेबी वार्मर, डेलिभरी बेड, युएसजी मेसिनलगायतको सामाग्री हस्तान्तरण गरिएको थियो ।


## कोभिड-१९ को जोखिम पुन: देखा परेको छ ।

**यसबाट बच्न र बचाउन:**

- सही तरिकाले मास्क लगाऔं ।
- भेटघाट र जमघटमा कम्तिमा २ मिटरको दुरी कायम राखौं ।
- समय-समयमा साबुनपानीले हात धुने वा स्यानिटाइजर प्रयोग गरौं ।
- खोक्दा वा हाच्छिँयु गर्दा नाक मुख छोप्ने गरौं ।
- आफू बस्ने घर तथा कार्यालय लगायतको स्थानमा नियमित सेनेटाइज गरौं ।
- अनावश्यक भीडभाड नगरौं ।
- हावा ओहोरदोहोर नगर्ने स्थान र भीडभाडमा नजाऔं ।
- कोभिड-१९ विरुद्ध खोप लगाउन बाँकी भए तत्काल लगाऔं ।
- कोभिडको लक्षण देखिएमा अरुलाई सर्न नदिनको लागि समयमा नै परीक्षण गरौं ।

समयमा नै सतर्क र सचेत बनौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## हार्दिक श्रद्धाञ्जली



**जन्म:** २०००/११/१५
**स्वर्गारोहण:** २०७९/०४/२५

हाम्रा पुजनीय पति/पिता **हर्कबहादुर गदेल**को मिति २०७९ श्रावण २५ गते असामयिक स्वर्गारोहण भएकोले उहाँप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । उहाँको आत्माको चीरशान्तिको कामनासहित शोकको यस घडिमा साागरमा पाल्नु हुने समवेदना, सहानुभुति व्यक्त गर्नुहुने बन्धुवान्धव, इष्टमित्र, आफन्तजन, छरछिमेकी, शुभचिन्तक सवैप्रति हार्दिक आभार व्यक्त गर्दे तेह्रौ दिनको पुण्यतिथिको पितृ प्रसाद ग्रहणका लागि सादर आमन्त्रण गर्दछौं ।

मिति : २०७९ भाद्र ६ गते सोमबार
स्थान : हेटौंडा १७, हटिया, आफ्नै निवास
समय : दिउँसो २:३० बजे

**प्रार्थीहरु**
श्रीमती: बाटुली गदेल

**छोराहरू:** रामकृष्ण/हरि/शिव/धनराज/जितेन्द्र गदेल
**बुहारीहरू:** सुन्तली/गायत्री/निर्मला/सरीता/मनिषा गदेल
**छोरी/ज्वाईहरू:** रश्मिला/श्याम सदाशंकर, राममाया/नरेन्द्र सेन्चुरी
*तथा*

**सम्पूर्ण गदेल परिवार**

## शिक्षक आवश्यकता

*प्रकाशित मिति: २०७९/०५/०१*

प्रस्तुत विषयमा राक्सिराङ गाउँपालिकाको कार्यालयको मिति २०७९/०४/३१ गतेको च.नं. १७९ को अनुमतिपत्रअनुसार र यस विद्यालयको वि.व्य.स. बैठकको मिति २०७९/०५/०१ गतेको निर्णयअनुसार शिक्षण सिकाई तथा संघीय अनुदान करार कोटामा एकजना अंग्रेजी शिक्षक आवश्यक रहेको हुँदा इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**विज्ञापन नं.:** ०१/०७९/०८०
**आवश्यक संख्या:** एक (१)
**तह:** आधारभूत विद्यालय (६-८) संघीय था शिक्षण अनुदान करार कोटा
**अध्यापन गर्नुपर्ने विषय:** अंग्रेजी
**शैक्षिक योग्यता:** +२ पास वा सो सरह
**तलब:** नियमअनुसार
**परीक्षा दस्तुर:** रू १५००/- (एक हजार पाँच सय मात्र)
**परीक्षा किसिम:** लिखित, मौखिक आवश्यक परे कक्षाअवलोकन
**सम्पर्क मिति:** विज्ञापन सकेको भोलिपल्ट

**आवश्यकता कागजात:**
१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि २ थान,
२. शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु २ थान,
३. स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपी २ थान,
४. हस्तलिखित निवेदन १ थान,
५. दरखास्त दिने समय: विज्ञापन गरेको ७ दिनभित्र

**पुनश्च:** अनुभविलाई विशेष प्राथमिकता

**सम्पर्क नं.:** ९८४५५९८६६७ (प्र.अ) ९८४५१६८९१७ (वि.व्य.स)

**श्री दामराङ्ग आधारभूत विद्यालय दामराङ्ग**
राक्सिराङ गाउँपालिका-७, मकवानपुर

**सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा-२ मकवानपुरको वन विज्ञानमा डिप्लोमा कक्षा ११ तथा कक्षा १० (खुला) मा**

## विद्यार्थी भर्ना सम्बन्धि सूचना

कक्षा ११/१२ संचालनको प्रथम वर्षदेखि नै लगातार सर्वोत्कृष्ट तथा उत्कृष्ट नतिजा ल्याउन सफल हेटौंडा नगरीको मुटुमा अवस्थित यस सिद्धार्थ मा.वि. हेटौंडा-२ मा शैक्षिक सत्र २०७९/८० का लागि CTEVT अन्तर्गत वन विज्ञान डिप्लोमा, कक्षा ११ मा विज्ञान, कानुन, व्यवस्थापन र शिक्षा शास्त्रका साथै कक्षा १० (खुला) मा धमाधम नयाँ भर्ना भैरहेको हुँदा आफ्नो सिट समयमै सुरक्षित राख्न सम्बन्धित विद्यार्थी एवम् अभिभावकहरुलाई जानकारी गराइन्छ ।

प्रधानाध्यापक
**सिद्धार्थ माध्यमिक विद्यालय**
हेटौडा- २, मकवानपुर
**सम्पर्क नम्बर:** ०५-५२०७००, ९८५५०७१९९०, ९८४५०५८७१५, ९८४५०७२२४७, ९८५५०७०६४७

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

**प्रोपाईटर:** बिनोद शाही ९८४५०२२५३१, ९८१७२२४३६२

## विक्की फ्रेस मिट शप
हेटौंडा-२, चौकीटोल

हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।

**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

## VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना